परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily    राष्ट्रिय दैनिक

वर्ष : ४   अंक : १८   पृष्ठ ४   २०८२ कार्तिक २३ गते, आईतबार   9 November, 2025   मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## विश्वासको मत लिने वातावरण बनेन : जितेन्द्र सोनल



● टक नेपाल

विश्वासको मत लिन नपाउँदै मधेसका मुख्यमन्त्री जितेन्द्र सोनलले पदबाट राजीनामा दिएका छन् । शनिबार विश्वासको मत लिन बोलाइएको प्रदेशसभा बैठकमा उनले राजीनामा दिएका हुन् ।

आफ्नो पक्षमा बहुमत प्रदेशसभा सदस्यहरूको मत नपर्ने देखेपछि मुख्यमन्त्री सोनलले प्रदेश सभाबाटै राजीनामा घोषणा गरेका थिए । प्रदेशसभामा विश्वासको मत लिने वातावरण नरहेको भन्दै आफूले पदबाट राजीनामा दिएको उनले बताएका छन् । मुख्यमन्त्री सोनलले प्रदेशसभामा सभामुखको भूमिकामाथि समेत प्रश्न उठाएका छन् ।

प्रदेशसभाबाट बाहिरिएपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सोनलले प्रदेश सभालाई नियन्त्रणमा राखेर संघीयतालाई नै समाप्त पाने' खेल भइरहेको आभास भएकाले आफूले राजीनामा दिएको बताए ।

उनले भने- 'सत्ता पक्षका माननीयहरू कोही केही बेरका लागि बाहिर गएका छन्, कोही खाजा खान निस्किएका थिए । त्यो देखेर आफूले सभामुखलाई आधा घण्टा रोकेर वातावरण बन्न दिन आग्रह गरैं । तर पटक पटक बेल बजाइ नै राखेपछि आफू राजीनामा दिने निर्णयमा पुगे ।'

उनले सङ्घीय समाप्त पार्ने खेल भइरहेको बताउँदै लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् नगने'हरू प्रदेशसभा नै विघटन गर्ने तर्फ लागि परेको आरोप समेत लगाए ।

उनले आगामी दिनमा अर्को परिस्थितिको निर्माण हुनसक्ने बताउँदै जसले बहुमत पुऱ्याउँछ उसले सरकार वैधानिक ढङ्गले बनाओस् भन्ने अभिप्रायले आफूले मार्ग प्रशस्त गरेको बताए ।

## मधेसका मुख्यमन्त्री सोनलले दिए राजीनामा



● टक नेपाल

मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिएका छन् । केहीबेर अघि उनले सभामुखसमक्ष राजीनामा दिएका हुन् । विश्वासको मत लिन आज मधेस प्रदेशसभाको बैठक बसेको थियो । तर उक्त क्रममा बैठकबाट मुख्यमन्त्री सोनलले विश्वासको मत नपाउने देखिएपछि प्रदेशसभा बैठकबाट बाहिरिएका थिए ।

१० मिनेटमा लागि बैठक स्थगित गरिए पनि डेढ घन्टा बित्दा पनि बैठक सुचारु नभएपछि मुख्यमन्त्री सोनलले प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलसमक्ष राजीनामा दिएका हुन् ।

सोनल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता हुन् ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोनल असोज २९ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । ६ दलको समर्थनमा ५७ प्रदेश सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख कार्यालयमा दाबी पेस गरेकाले उनी मुख्यमन्त्री नियुक्त भएका थिए ।




## मरेको सम्झिएका छोरा घर आएपछि खुसियाली

● नागेन्> कुमार कर्ण

महोत्तरी जिल्लाको मनराशिस्वा नगरपालिका-९, बथनाहाको छठु महतोको घर र टोलमा अहिले खुसियाली छाएको छ । मरिसकेको भनेर सम्झिएका छोरा एक्कासी  तीन वर्षपछि घर फर्किएपछि घर र टोलमा खुसियाली देखिएको हो ।

छठु महतोका ४० वर्षिय छोरा बदियल महतो २०७८ फागुनमा कामकाजको सिलसिलामा दुबई पुगेका थिए । दुबई पुगेको करिब ६ महिनासम्म परिवारको सम्पर्कमा रहनुभएका महतो त्यसपछि सम्पर्कविहिन भएको बुवा छठु महतोले बताउनुभयो ।

सम्पर्कविहिन भएपछि सबैले दुबई पठाउने गाउँकै एजेन्ट दिवाकर झालाई पटक पटक सोधपुछ गर्नुका साथसाथै महतोलाई अन्य तरिकाबाट खोजबिन गर्दा पनि नभेटिएपछि घर परिवारले उनको मृत्यु भइसकेको ठानेर खोजबिन बन्द गरिदियो ।

एक वर्षसम्म एजेन्टसहित दुबईमा बस्ने गाउँका अन्य व्यक्तिहरूले पनि आ-आफनो तरिकाबाट खोजतलाश गरे पनि बदियल नभेटेपछि आफुहरू उनी यस संसारमा नरहेको मानिसकेको बुवा छठु महतोले बताउनुभयो ।

मानसिक सन्तुलन बिग्रिएको कारण दुबईमा कहाँ गए केही अत्तो नलागेपछि निराश भइसकेका परिवारका लागि आशाको विन्दु बनेर आउनुभयो मनरासिश्वा नगरपालिकाका युवा सुनिल पाण्डेय ।

बदियल हराएको जानकारी पाएपछि सो सम्बन्धी जानकारी लिन घरमा पुग्दा बुवा, आमा, पत्नी र बालबच्चाहरू समेत उनी मरिसकेको र आफुहरू उनको जिउँदो रहेको आस मारिसकेको बताएको सम्झनुहुँदै युवा सुनिल पाण्डेयले भन्नुभयो, 'घर परिवारसँग विभिन्न सुचनाहरू जुटाएर खोजतलाश गदै जाँदा नेपालमा फर्किएको तथा दुबईमा मृत्यु भएको कुनै रेकर्ड फेला नपरेपछि आफु उनी जिउँदो रहेको हुन



सक्ने विश्वासका साथ दुई वर्षदेखि खोतलाश गर्दै आइरहेको थिएँ ।'

मैले उद्धार प्रक्रियामा लागिरहँदा दुबईस्थित नेपाली राजदुतावासका धेरै कर्मचारीहरूलाई विभिन्न माध्यमबाट दिनहुँ सम्पर्क गर्दै दुबईको सानोदेखी ठुलो लगभग सबै प्रहरी युनिटहरूमा बदियल महतोको फोटो र राहदानी लगायतका कागजातहरू छोडन लगाएर खोजतलाश सुरु गरेको बताउनु हुँदै करिब दुई वर्षको प्रयासपछि बदियल घर फर्किएको बताउनुभयो ।   गरिबीको कारण उनीहरूलाई खोजतलाश गर्न पनि कठिनाई भइरहेको देखेपछि आफुले खोजतलाशको अग्रसरता लिएको सम्झिनु हुँदै उहाँले सबैको सत्प्रयासले बदियलको उद्धार सम्भव भएको युवा पाण्डेयले बताउनुभयो ।

मानसिक सन्तुलन बिग्रिएका बदियललाई दुबईस्थित नेपाली दुतावासले २३ जनवरी २०२६ सम्मको फ्रि पास बनाइ दिएको कारण उनी आफै कार्तिक १९ गते घरसम्म आएको बताउनु हुँदै उद्धार कार्यमा लाग्नुभएका समाजसेवी युवा पाण्डेयले भन्नुभयो, 'निःशुल्क रूपमा आफुसहित अन्य धेरै जनाले उनलाई सकुशल उद्धार गरेकोमा खुसी लागेको छ । उनी जिउँदै घर आएपछि घर परिवारमा समेत खुसियाली छाएको छ ।'

बुधबार सकुशल घर आइपुगेका बदियलसँग भेटन अहिले टोल छिमेकीहरू पुगिरहेका छन् । जसको कारण घरमा घुइँचो बढेको बुवा छठु महतोले बताउनुभयो ।बदियलका श्रीमती र दुई वटा बच्चा श्रीमान् सम्पर्कविहिन भएपछि कामकाजका लागि भारतको भटिण्डा भन्ने ठाउँमा रहेको छ । उनीहरूसँग समेत खुसियाली साटनका लागि सम्पर्कको प्रयास भइरहेको बदियलका बुवाले बताउनुभयो ।

अहिले राम्रोसँग नबोल्ने र बिरामी देखिएका बदियलले आफुलाई दुबईमा चामल र पिठोको बोरा बोकाउने जस्ता गह्रो कामहरू गराउने गरेको बताए पनि थप कुराहरू बताउन असमर्थ छन् ।

उहाँले छोरालाई सकुशल उद्धार गरिदिएकोमा सबैलाई धन्यवाद दिनु हुँदै विदेश जाने बेलामा एजेन्टले आफुहरूसँग करिब तीन लाख रुपियाँ लिएको र अहिले छोरा बिरामी रहेकोले केही रकम दिलाइदिए आफुहरूलाई केही राहत पुग्ने बताउनुभयो । उहाँले यस कार्यका लागि सहयोग गरिदिन सरोकारवाला निकायहरूसँग गुहार लगाउनुभएको छ ।

पविर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### लोकतन्त्रको सरसफाइ र नयाँ पुस्ताको जिम्मेवारी

लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो। तर आज यसको अनुभूति समाजका पिँधसम्म पुगेको छ त? निर्धन, दलविहीन र आम नागरिकको जीवन सहज बनेको छैन। सरकारले जनताको पीडामा संवेदनशीलता देखाउन सकेको छैन, नत जिम्मेवारी र जवाफदेहिता स्थापित गर्नै सकेको छ। बाढीपहिरोदेखि नागरिक हत्यासम्म, सत्ताधारीको उदासीनता र असंवेदनशीलता झल्किन्छ। यही विफलताले जेन-जी पुस्तालाई प्रश्न गर्न र विद्रोह गर्न प्रेरित गऱ्यो।

अब समय आएको छ–राजनीतिक दल र राज्य संरचनाको व्यापक सरसफाइ गर्न। भ्रष्टाचार, अराजकता र असक्षम नेतृत्वबाट देशलाई मुक्त गर्न सक्षम, इमानदार र देशप्रेमी युवाहरूलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ। अभिभावकहरूले सम्मानपूर्वक मार्गदर्शन दिँदै नयाँ पुस्तालाई अगाडि बढ्न सहयोग गर्नुपर्छ।

अन्तरिम सरकारले चुनाव गराउने मात्र होइन, असंवेदनशीलताले नथाकेको प्रणालीलाई सफा गर्ने ऐतिहासिक अवसर पाएको छ। यदि यो बेला सामूहिक रूपमा सुधारतर्फ अघि बढ्न सक्यौं भने लोकतन्त्रको अनुभूति प्रत्येक नागरिकले गर्न पाउनेछ। लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो–तर त्यसलाई जोगाउने जिम्मा अब युवा पुस्ताले लिनुपर्छ।

# मुहार फेर्दै त्रिवि रङ्गशाला

• टक नेपाल



गत वर्ष नेपालमा सम्पन्न नेपाल प्रिमियर लिग (एनपिएल) विश्व क्रिकेटकै नजरमा पऱ्यो । ठुलो सङ्ख्यामा सुपर स्टार विदेशी क्रिकेटरहरूको आगमन, करोडौँको लगानी, विश्वकै अग्रणी स्पोर्ट्स च्यानल स्टार स्पोर्ट्र्समा प्रत्यक्ष प्रसारण गर्नुका साथै क्रिकेटमा नेपालको 'क्रेज' ले गर्दा एनपिएलको पहिलो संस्करणले व्यापक चर्चा बटुलेको थियो । यी सकारात्मक पक्षबिच पनि एनपिएल आयोजना गरिएको त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा दर्शक व्यवस्थापन हुन नसक्दा भौतिक पूर्वाधारमा केही पछाडि छौँ भन्ने देखिएको थियो ।

सरकार र नेपाल क्रिकेट सङ्घ (क्यान) को सहकार्यमा सो कमीकमजोरी एनपिएलको दोस्रो संस्करणमा हट्ने अब पक्का भएको छ । गत वर्षको एनपिएलको सफलता र नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय रूपमा प्राप्त गरेको निरन्तर सफलताले त्रिवि क्रिकेट रङ्गशालाले मुहार फेर्ने अवसर पाउने भएको हो । त्रिवि रङ्गशालामा यो पटकको एनपिएल कृत्रिम प्रकाश (फ्लड लाइट्स) मा खेलाउने र दर्शकले पनि रङ्गीविरङ्गी सिटमा बसेर हेर्न पाउने अवसर प्राप्त हुँदै छ । त्रिवि रङ्गशालाको योजना अनुसार काम पूर्ण भइसकेको छ । फ्लड लाइट्सका केही काम मात्र बाँकी रहेको क्यानले जनाएको छ ।

सरकारले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान आयोजनाको गुरुयोजना स्वीकृत गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा निर्धारण गरेको एक महिना भयो । गुरुयोजनाबमोजिम क्रिकेट मैदानका लागि करिब १० अर्ब रुपियाँ लाग्ने अनुमान गरिएको छ । यसअघि नै सरकारले त्रिवि क्रिकेट मैदानको स्तरोन्नतिमा विशेष पहल सुरु गरिसकेको थियो ।

खेलकुदमन्त्री बब्लु गुप्ताले क्रिकेट मैदानको पुनर्निर्माणले नेपाली क्रिकेटरहरूको मनोबल उच्च बनेको धारणा राख्दै क्रिकेट मैदानलाई थप उत्कृष्ट बनाउन क्यानसँग निरन्तर छलफल भइरहेको बताउनुभयो । सहरी विकासमन्त्री कुलमान घिसिङले नेपालकै पहिलो अन्तर्राष्ट्रिय क्रिकेट मैदान तयार भएपछि अन्तर्राष्ट्रिय खेल तथा पर्यटन प्रवर्धनमा समेत यसको योगदान हुने छ भन्नुभएको थियो ।

हाल त्रिवि क्रिकेट रङ्गशालाको पहिलो चरणका संरचना लगभग पूरा भइसकेको छ । आगामी मङ्सिर १ गतेदेखि सुरु हुने नेपालको एनपिएल दोस्रो संस्करणका लागि त्रिवि रङ्गशाला तयार गर्ने लक्ष्य अनुरूप काम भएको हो । मन्त्री घिसिङले गुरुयोजनाबमोजिम भइरहेको निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकतामा राखी बजेट अभाव हुन नदिने गरी रङ्गशाला विस्तारको दोस्रो चरण अगाडि बढाइने पनि बताउनुभएको छ ।

पछिल्लो एनपिएलमा त्रिवि रङ्गशाला वरिपरि दर्शकले घाँसमै बसेर, रुखमा चढेर खेल हेरेका थिए । फ्लड लाइट्स जडान गरिएको थिएन । अहिले यी समस्या हटेका छन् । क्यानका अध्यक्ष चतुरबहादुर चन्द भन्नुहुन्छ, "त्रिवि मैदान नेपाली क्रिकेटको घर हो । अहिले यो अत्याधुनिकतातर्फ अग्रसर छ । यसका लागि पछिल्लो सरकारले काम गऱ्यो । अहिले नयाँ सरकारले पनि प्राथमिकतामा राखेर निरन्तरता दिएको छ, त्यसैले हामी हर्षित छौँ । राजनीतिक परिवर्तन भए पनि क्रिकेट सबैको प्राथमिकतामा छ । त्यसैले पनि समयमै सुविधासम्पन्न अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला बन्नेमा शङ्का छैन । उहाँले तेस्रो चरणमा पुनर्निर्माणको काम सम्पन्न भएपछि यो विश्वकै उदाहरणीय क्रिकेट रङ्गशाला हुने र यसबिच क्यानले पनि अस्थायी रूपमा रङ्गशालामा विभिन्न सुविधा थप्ने बताउनुभयो ।

अध्यक्ष चन्दका अनुसार क्रिकेटका लागि पूर्वाधार पुगेको भने छैन । "नेपालमा ठुला अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न कम्तीमा चार वटा ठुला रङ्गशाला चाहिन्छन् । भर्खरै १६ वटा टिम सहभागी हुने यु १९ एसिसी प्रिमियर कप आयोजना गर्न भनेको थियो तर पर्याप्त क्रिकेट रङ्गशाला नहुँदा सो आयोजना गर्न सकिएन," अध्यक्ष चन्दले बताउनुभयो ।

एनपिएललाई भव्य बनाउन अहिले क्यान, सहभागी टिम, दर्शक सबै पक्ष तयार छन् । क्यानले नौ दिन बाँकी रहँदासम्म पनि खेल तालिका निकाल्न नसकेपछि नेपालमै पहिलो पटक फ्लड लाइट्मा खेल हुन्छ कि हुँदैन भन्ने मात्र सबैको चासो बनको छ । क्यानका सचिव पारस खड्का तीन/चार दिनमा फ्लड लाइट्स पनि तयार हुने र सबै पक्ष कृत्रिम प्रकाशमै यो खेल हुन्छ भन्ने लक्ष्यसहित अगाडि बढिरहेको छ भन्नुहुन्छ । उहाँका अनुसार नेपाल तेस्रो पटक टी-२० विश्वकपमा पुगेको उत्साहले एनपिएललाई अझ फाइदा पुग्ने छ । नेपाल यही महिना ओमानमा भएको आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको उपाधि जितेर सन् २०२६ मा हुने विश्वकपमा पनि चयन भएको छ ।

क्यानका प्रवक्ता छुम्बी लामाले त्रिवि क्रिकेट रङ्गशाला ड्रिम प्रोजेक्ट हो भन्दै फ्लड लाइट्सका बत्ती आउन अलि ढिला भएको हो भन्नुभयो । "प्राविधिक समस्या भएर फ्लड लाइट्स भएन भने पनि एनपिएल तोकिएकै मितिमा हुन्छ," उहाँले भन्नुभयो ।









# काम अलपत्र छोड्ने ठेकदारलाई धमाधम कारबाहीको तयारी

टक नेपाल

जीतपुरसिमरा, परवानीपुर, प्रसौनी हुँदै कलैया र वीरगञ्ज महानगरलाई जोड्ने वैकल्पिक राजमार्गको रूपमा रहेको 'बलुवा-बेहरा' सडकखण्डको काम ठेकदार कम्पनीले अलपत्र छाडेको छ।

धिरज निर्माण सेवा रौतहटले गत वर्ष १ करोड ५० लाख लागतमा २ वटा कल्भर्ट निर्माणसहित सडक कालोपत्रेको ठेक्का लिएको हो। कात्तिक मसान्तभित्रै सम्पन्न गर्नुपर्ने योजनामा हालसम्म काम सुरु भएको छैन।

समयमै काम नगर्दा जीतपुरसिमरा उपमहानगर-१० का स्थानीय पानी पर्नासाथ दुधौरा खोलाको बाढी गाउँमा पसेर डुबान हुनेमा चिन्तित हुन्छन्। खेतभन्दा होचो कच्ची सडक र जीर्ण कल्भर्टका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै हुने उनीहरूको भनाइ छ।



परवानीपुर गाउँपालिका वडा नं १ का शिवचन्द्र महतोले पानी पर्नासाथ घर-खेत डुबानमा पर्ने तथा बाटोघाटो हिँड्न समस्या हुने गरेको बताए। 'यसमा ठेकदारको धेरै गल्ती छ। जिम्मा लिएपछि समयमै काम गर्नुपर्थ्यो, तर किन ढिला गरेको हो भन्ने हामीलाई थाहा भएन,' महतोले भने।

यो बाटो हुँदै छोटो समयमै वीरगञ्ज, कलैया, प्रसौनी पुग्न सकिन्छ। मुख्य राजमार्गमा बन्द-हड्ताल हुँदा वैकल्पिक राजमार्गका रूपमा यही बाटो प्रयोगमा आउने गर्दछ।

'मेन रोडमा कुनै कारण यातायात अवरोध भएमा यही बाटो चालु हुन्छ,' जीतपुरसिमरा- १० का अर्का स्थानीय अम्बिका सहनीले भने, 'बाटो र कल्भर्ट भए राम्रो हुन्थ्यो। हाम्रो खेतीबाली पनि बच्थ्यो।'

जीतपुरसिमरा र परवानीपुर गाउँका स्थानीयहरू पालिकाले लगाएको ठेक्कामा काम गर्न ढिलासुस्ती गर्ने ठेकदारलाई तत्काल कारबाही गर्नुपर्ने बताउँछन्।

यता, निर्माण कम्पनी धिरज सेवा रौतहटका प्रोप्राइटर दामोदर प्रसाद यादवले बाटो र कल्भर्ट निर्माणको काममा वडाध्यक्षले सहयोग नगरेको आरोप लगाए। उनले जनप्रतिनिधिले साइट क्लियर गर्न ढिलासुस्ती गर्दा समयमा काम हुन नसकेको बताए।

'नापी गरेर साइट क्लियर गराइदिनु भनेर मैले कति पटक वडाध्यक्षलाई ताकेता गरेँ, तर अहिलेसम्म गराएको छैन,' ठेकदार यादवले भने, 'बिचमा पानी परेकाले पनि ढिलासुस्ती भयो।'

जीतपुरसिमरा-१० मा जस्तै समस्या वडा नं ७ मा लगाएको अर्को ठेक्कामा पनि छ। १ करोड ५० लाख अनुमानित लागतको ४ कोठे विद्यालय भवन निर्माणको काम १ वर्षदेखि अलपत्र अवस्थामा छ। एनके कन्सट्रक्सन पर्साले ठेक्का सम्झौता गरेको सो योजना २०८१ चैतसम्म सम्पन्न गर्नुपने थियो।

तर, उपमहानगरले २०८२ असारसम्म म्याद थप गर्दा पनि काम सम्पन्न हुन नसकेपछि अन्तिमपटक २०८२ कात्तिक मसान्तसम्म म्याद थप भयो। तेस्रो पटक म्याद थप गर्दा पनि ठेकदार कम्पनीले विद्यालय भवन निर्माणको काम भने सुरु गरेको छैन।

पटक-पटक म्याद थप गर्दा पनि काम नगरेपछि ठेकदारको बैंक ग्यारेन्टी जफत गर्ने तयारीमा उपमहानगर छ। १ हजार ४ सय विद्यार्थी संख्या रहेको फकिरा गिरी विद्यालयमा पर्याप्त कक्षा कोठा नहुँदा विद्यार्थीहरू बिहान र दिउँसो गरी २ चरणमा अध्ययन गर्न बाध्य छन्।

विद्यालयका शिक्षक प्रमोद महतोले विद्यालय भवन निर्माणका लागि ठेकदारले १ वर्षदेखि खाल्टो खनेर, निर्माण सामग्री थुपारेर काम अलपत्र छाड्दा दुर्घटनाको जोखिम बढेको बताए।

'खाल्टो खन्यो, छड, गिटी खसालेर ठेकदार बेपत्ता भयो,' शिक्षक महतोले भने, '८ देखि १० फिटको खाल्टो खनेर अलपत्र छाड्दा विद्यार्थीहरू खाल्टोमा पर्छन् कि भनेर हेर्नमात्र छुट्टै मान्छे राख्नुपर्ने अवस्था छ।'

ठेकदार कम्पनीले १० प्रतिशतभन्दा बढी रकम लिएर पेटी ठेकदारलाई योजना बिक्री गरेको विद्यालय प्रशासनको भनाइ छ। 'काम अलपत्र छोड्ने यस्तो ठेकदारलाई नगरपालिकाले केही कारबाही गरेको हामीले सुनेको छैन,' शिक्षक महतोले भने, 'पालिकाले ठेकदारलाई कडा कारबाही गर्नुपर्छ, यत्तिकै छाड्न हुँदैन।'

सडक, कल्भर्ट र विद्यालय भवन निर्माणको मात्रै होइन, गत वर्षमात्रै ५३ वटा ठेक्का लिएका निर्माण कम्पनीहरूले ६० प्रतिशतमात्रै काम सम्पन्न गरेका छन्।

४० प्रतिशत योजना अपलत्र छाड्ने निर्माण कम्पनीलाई उपमहानगरले कात्तिक दोस्रो सातादेखि धमाधम पत्र काटेर कारबाहीको दायरामा ल्याउन सुरु गरेको छ।

एउटै निर्माण कम्पनीले २ देखि ४ वटासम्म ठेक्का सम्झौता गरेर १० देखि २० प्रतिशतसम्म अग्रिम रकम लिने र सो रकम अन्य कारोबारमा खर्च गर्ने प्रवृत्ति देखिएको पूर्वाधार विकास शाखा प्रमुख अभयकान्त झाले बताए। ठेक्का सम्झौता गरेर योजनाहरू ओगट्ने तर विभिन्न बहाना देखाएर समयमा काम नगर्ने प्रवृत्ति बढेको उनको भनाइ छ।

निर्माण सम्बन्धी पछिल्लो निर्देशिकामा १ करोडसम्मको योजना ६ महिनाभित्र सक्नुपर्ने व्यवस्था छ, तर उपमहानगरभित्र ३० देखि ४० लाखसम्मका योजना पनि वर्षौंदेखि अलपत्र अवस्थामा छन्। 'समयमा काम नगर्ने निर्माण कम्पनीलाई योजना कार्यान्वयन नगरेको सम्बन्धमा तेस्रो पटकसम्म पत्र काटिसकेका छौँ,' इन्जिनियर झाले भने, 'अब १५ दिनभित्र काम सुरु नगरे कालोसूचीमा राख्ने, बैंक ग्यारेन्टी जफत गर्ने र सम्झौता रकम ब्याजसहित असुल उपर गर्नेगरी कारबाही अगाडि बढाउँछौँ।'

उपमहानगरले कात्तिक दोस्रोसाता काम सुरु नगर्ने १० वटा निर्माण कम्पनीलाई पत्राचार गरेर कारबाहीको दायरामा ल्याइसकेको छ। 'हजार पटक फोन गरिसक्यौँ, बोलाएर छलफल पनि गर्‍यौँ, तर काम भएन,' झाले भने, 'हामीकहाँ कुनै निर्माण कम्पनीको भुक्तानी बाँकी छैन। पैसाको कुनै समस्या छैन, तर उहाँहरूले काम नगर्न अनेक बहाना खोज्नुहुन्छ।'

निर्माण कम्पनीले साइट क्लियर नभएको बहानामा काम ढिलो गर्ने, सम्झौता रकम लिएर अन्यत्र खर्च गर्ने गरेको झाको भनाइ छ।

उपमहानगरमा आर्थिक वर्ष २०८०/०८१ मा ५७ वटा र २०८१/०८२ मा ५३ वटा ठेक्का लगाइएको थियो, जसमा ६० प्रतिशत काम सम्पन्न भएको जनाइएको छ।

उपमहानगरले पछिल्लो समय एनके कन्सट्रक्सन पर्सा, डि एण्ड कन्सट्रक्सन बारा, धिरज निर्माण सेवा रौतहट, मकवानपुर कन्सट्रक्सन प्रा.लि., जय शम्भु भोलानाथ कन्सट्रक्सन हेटौंडा, जसौली निर्माण सेवा पर्सा, बजरंग कन्सट्रक्सन बारासहित ३ वटा योजनामा ठेक्का सम्झौता गरेको सम्राट निर्माण सेवालाई कारबाहीका लागि पत्राचार गरेको छ।

'पत्रको मितिले ७ दिनभित्र निर्माण कार्य सुरु नभए सार्वजनिक खरिद ऐन २०६३ र जीतपुरसिमराको खरिद नियमावली २०७६ बमोजिम ठेक्का रद्द गरी कानुनी कारबाही अगाडि बढाइने व्योहोरा अनुरोध छ,' उपमहानगरले कात्तिक दोस्रो साता पठाएको पत्रमा उल्लेख छ।

निर्माण कम्पनीहरूले बैंक ग्यारेन्टी राखेर ५० लाखसम्मको योजनामा १० प्रतिशत र ५० लाखमाथिको योजनामा २० प्रतिशत नगद रकम पालिकाबाट पाउँछन्। उमहानगरबाट पत्र पठाएलगत्तै फकिरा गिरी विद्यालय भवन निर्माणको ठेक्का लिएको एनके कन्सट्रक्सनले तत्कालै काम सुरु गर्ने जनाएको छ। सो निर्माण कम्पनीका प्रोपाइटर दामोदर चौरसियाले विद्यालय प्रशासन र वडा कार्यालयबाट काममा अवरोध भएकाले केही ढिलो भएको जनाउँदै तत्कालै काम सुरु गर्ने जनाए।

'मैले योजना कसैलाई विक्री गरेको छैन। बालुवा, छड खसालिसकेको छ। अब भोलिदेखि नै काम सुरु हुन्छ,' उनले भने।

## रास्वपाले महाधिवेशनको मिति ............

रामचन्द्र पौडेलले २०८२ फागुन २१ गते निर्वाचन गने मिति तोकेका छन्।

त्यस्तै, विस्तारित बैठकले सभापति रवि लामिछानेको विकल्पमा अहिले नयाँ नेतृत्व अघि नसार्ने निष्कर्ष पनि निकालेको छ। रास्वपाले सभापति रवि लामिछानेमाथि लगाइएको मुद्दा राजनीतिक प्रतिशोधको परिणाम स्वरूप दायर गरिएको पुन दोहोर्‍याएको छ। सरकारले शक्तिको दुरुपयोग गर्दै विपक्षी विचारलाई दबाउने प्रवृत्तिले जनताको म्यान्डेटमाथि प्रत्यक्ष प्रहार गरेको रास्वपाको ठहर छ।

'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि लगाइएको मुद्दा राजनीतिक प्रतिशोधको परिणाम स्वरूप दायर गरिएको एक नियोजित र बदनियतपूर्ण भएको र यसले लोकतान्त्रिक अभ्यास माथि प्रहार गर्दै जनविश्वासलाई समेत कमजोर पार्ने काम गरेको छ भन्ने ठान्दछ।' विज्ञप्तिमा भनिएको छ, 'सरकारले शक्तिको दुरुपयोग गर्दै विपक्षी विचारलाई दबाउने यस प्रवृत्तिले जनताको म्यान्डेटमाथि प्रत्यक्ष प्रहार गरेको छ। देशभर सञ्चालन गरिएको हस्ताक्षर अभियानमार्फत् ४० लाखभन्दा बढी नागरिकले पनि यो मुद्दा राजनीतिक प्रतिशोध र अन्यायपूर्ण भएको भनी ऐक्यबद्धता जनाएका छन्।'

राष्ट्रिय स्वतन्त्र पार्टी राजनीतिक प्रतिशोधको उपकरणका रूपमा प्रयोग गरिएका मुद्दाहरूलाई न्यायालयले निष्पक्ष, स्वतन्त्र र द्रुत न्यायिक प्रक्रियामार्फत् निष्कर्षमा पुर्‍याउन माग गरेको छ। न्यायिक निष्पक्षता र शीघ्र सुनुवाइले मात्र लोकतन्त्र र कानूनको शासनप्रति जनविश्वास पुनःस्थापित गर्न सक्ने रास्वपाको विश्वास छ।

राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपाली जनताको प्रिय र विश्वासयोग्य शक्ति बनाउन पार्टीभित्र आन्तरिक लोकतन्त्रको सुदृढीकरण र समावेशितालाई थप व्यवस्थित र प्रोत्साहित गर्ने विज्ञप्तिमा उल्लेख छ। 'पार्टी रुपान्तरणको पक्षमा व्यक्त भएका आवाज र प्रस्तावलाई विधि/प्रक्रियाअन्तर्गत नै सम्बोधन गर्ने तथा निर्णय प्रक्रियामा सबै तहका समिति र सदस्यहरूको सहभागिता सुनिश्चित गर्ने वातावरणलाई क्रमशः फराकिलो बनाउन प्रतिबद्ध छौं' विज्ञप्तिमा भनिएको छ। विस्तारित बैठकमा केन्द्रीय सदस्य डा. तोसिमा कार्की, केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठ तथा चितवन, झापा, रुपन्देही जिल्ला समितिले फरक मत पेश गरेका थिए।









# मुसहर समुदायलाई सामुदायिक भवन हस्तान्तरण



● टक नेपाल

सप्तरीको तिरहुत गाउँपालिका ५ लोहजाराको मुसहर बस्तीमा नव निर्मित प्रसन्न सामुदायिक सेवा केन्द्रको उद्घाटन गरेर समुदायलाई हस्तान्तरण गरेको छ।

नेपाल युथ फाउन्डेसन नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नव निर्मित भवन शुक्रबार एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरेको हो।

गाउँपालिका अध्यक्ष बिजय कुमार यादव, पालिकाको प्रमुख प्रशासकीय अधिकृत ललन यादव, वडा अध्यक्ष रमानन्द चौधरी लगायतले भवन उद्घाटन गर्नुभएको थियो।

यस वडामा बसोवास गर्ने हाम्रो समुदायमा यस्तो सुविधा सम्पन्न घर कसैको नभएको बेला समुदायले यस्तो सेवा सुविधा भएको भवन पाउदा समुदाय नै खुशी भएको स्थानीय प्रिंयका सदाले बताउनुभयो। उहाँले भन्नुभयो, "यो सामुदायिक भवन हामीलाई हस्तान्तरण गरेर हाम्रो समुदायलाई ठुलो उपकार गरेको महसुस हामीले गरेका छौं।"

दुई कोठे हल, एउटा भान्सा, शौचालय, बाथरूमसहितको भवन र भवनमा आवश्यक सामग्री दराज, किचेन सामग्री, फर्निचर लगायतमा ५५ लाख रूपियाँ खर्च भएको संस्थाका प्रोजेक्ट कोडिनेटर ललित गहतराजले जानकारी दिनुभयो।

भवन हस्ताक्षरसँगै यस समुदयिक भवनबाट बालबालिकालाई तत्काल निःशुल्क ट्युसन २ घण्टा, नियमित विद्यालय पठाउन, छोराछोरीलाई शिक्षित बनाउनका लागि आमाहरूलाई साक्षरता र सचेतना कार्यक्रम, बालबालिकाकालाई सरसफाई तथा पोषण युक्त खानेकुरा, किशोरी शिक्षा मनोपरामर्श लगायत कक्षा सञ्चालन गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

पालिका अध्यक्ष यादवले जिवनको अन्धकारलाई उज्यालो र सुन्दर बनाउन शिक्षाको महत्त्व भएको र शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर यो संस्थाले विशेष गरी मधेशमा पछाडि पारिएको मुसहर समुदायलाई प्राथमिकतामा राखेर सहयोग गर्दै आएको सराहनीय भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "शिक्षा बिना समाज परिवर्तनको कल्पना समेत गर्न सकिँदैन।"

पालिकाका प्रमुख प्रशासकीय अधिकृत ललन यादवले मुसर समुदायमा शिक्षाको अवस्था र शिक्षाको महत्त्वको विषयमा जानकारी गराउनु भएको थियो ।

रास्वपाले महाधिवेशनको

# मिति सारेको सान्यै, चुनावको ६ महिनापछि मात्रै गर्ने

● टक नेपाल



राष्ट्रिय स्वतन्त्र पार्टीले महाधिवेशनको मिति पटक-पटक सार्दै आएको छ। शुक्रबार र शनिबार बसेको पार्टीको विस्तारित बैठकले प्रतिनिधिसभा निर्वाचन भएको ६ महिनापछि मात्रै महाधिवेशन गर्ने निर्णय गरेको हो।

स्वपाको पहिलो राष्ट्रिय महाधिवेशन यस अगाडि वैशाखमा तोकेको थियो। पार्टीको केन्द्रीय परिषद्को पहिलो राष्ट्रिय भेलाले तोकेको महाधिवेशन मिति पुन : फागुन ७, ८ र ९ गते तोकिएको थियो।

केन्द्रीय समितिको विस्तारित बैठकपछि प्रवक्ता मनिष झाले जारी गरेको विज्ञप्तिमा भनिएको छ,' अप्रत्याशीत राजनीतिक परिस्थितिका कारण फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुने भएकाले पूर्वघोषित मिति (फागुन ७-९) मा महाधिवेशन गर्न नसकिने वस्तुगत परिस्थिति महसुस गर्दै चुनाव भएको ६ महिनाभित्र महाधिवेशन गर्ने गरी तालिका ल्याउन केन्द्रीय समितिलाई आग्रह गर्दछ। चुनावी अभियानसँगै तल्ला समितिहरूको अधिवेशनलाई निरन्तरता दिन प्रतिबद्ध छौं।'

प्रधानमन्त्री कार्कीको सिफारिसबमोजिम भदौ २७ गते शुक्रबार राति प्रतिनिधि सभाको विघटन गर्द राष्ट्रपति

बाकी पष्ठ ३.....



१ महिना FREE
मात्र वार्षिक रु.८५०० कर सहित बाट सुरु
Dual Band राउटर सहित
Mash को साथ घर भरि WIFI
viaTV ३०० च्यानलको मनोरंजन
बर्दिवास शाखाको लागि ९८०११३१४३३ - आजै मौकाको फाईदा लिनुहोस्

## सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०





बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014